## लोक सेवा आयोग

## नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, आर्थिक प्रशासन, राजश्व, चौथो, सहायक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९।०५।०५

पत्र : द्वितीय

समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

### विषयः सेवा सम्बन्धी

| प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड "क" ५० अङ्क

१. कार्यालय कार्यविधिमा टिप्पणी भन्नाले के बुझिन्छ? टिप्पणी लेख्दा ध्यान दिनुपर्ने पक्षहरू के-के हुन्? लेख्नुहोस् । १+४=५

२. अभिलेख व्यवस्थापनको परिचय दिँदै यसको आवश्यकताबारे चर्चा गर्नुहोस् । २+३=५

३. कस्ता मालसामानहरूलाई खर्च नहुने खातामा प्रविष्ट गर्नुपर्दछ? खर्च नहुने खाताको नमूना प्रस्तुत गर्नुहोस् । २+३=५

४. हर्जवर्गको उत्प्रेरणासम्बन्धी सिद्धान्तका मुख्य मुख्य विषयहरू उल्लेख गर्नुहोस् । ५

५. नगदमा आधारित लेखाप्रणाली (Cash Basis Accounting) र प्रोदभावी लेखाप्रणाली (Accrual Basis Accounting) मध्ये संगठित संस्थाहरूले कुन प्रणाली अपनाउँदा उपयुक्त हुन्छ? चर्चा गर्नुहोस् । ५

६. आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबीचमा रहेका भिन्नताहरू उल्लेख गर्नुहोस् । ५

७. संगठनको लक्ष्य प्राप्तिमा आर्थिक प्रशासनको महत्वका बारेमा टिप्पणी गर्नुहोस् । ५

८. सरकारी बजेट र निजी बजेटबीचका भिन्नताहरू लेख्नुहोस् । ५

९. सार्वजनिक प्रशासनको परिचय दिनुहोस् । यसको कार्यक्षेत्रको बारेमा संक्षिप्त उल्लेख गर्दै यसलाई प्रभावकारी बनाउने उपायहरू लेख्नुहोस् । ३+४+३=१०

### खण्ड "ख" ५० अङ्क

१०. नेपाल नागरिक उड्डयन प्राधिकरण कर्मचारीहरूको सेवाका शर्त र सुविधासम्बन्धी नियमावली, २०५६ अनुसार के-कस्ता कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था छ? खुलाउनुहोस् । ५

११. आयकर ऐन, २०५८ बमोजिम आयका स्रोतहरू के-के हुन्? उदाहरणसहित लेख्नुहोस् । ५

१२. करको परिचय दिँदै प्रत्यक्ष र अप्रत्यक्ष करबीचका भिन्नताहरू औंल्याउनुहोस् । ५

क्रमशः

१३. खरिद ईकाईको परिचय दिई यसका कामहरू के-के हुन्? उल्लेख गर्नुहोस् । २+३=५

१४. मुकुन्दले ३ दिनमा गर्न सक्ने काम गोविन्दले ४ दिनमा गर्दछ । गोविन्दले ५ दिनमा गर्नसक्ने काम रविन्द्रलाई ६ दिन लाग्छ भने रविन्द्रलाई १६ दिन लाग्ने काम सक्न मुकुन्दलाई कति दिन लाग्छ? ५

१५. दुई जना मानिसहरूको हालको उमेरको अनुपात ३:४ छ । ४ वर्षपछि यो अनुपात ७:९ हुन्छ भने तिनीहरूको हालको उमेर कति होला? पत्ता लगाउनुहोस् । ५

१६. इलेक्ट्रोनिक स्प्रेडसिट (Electronic Spreadsheets) भनेको के हो? यसले के कार्य गर्छ? उल्लेख गर्नुहोस् । ५

१७. छोटकरीमा लेख्नुहोस । २.५+२.५=५

क) Email and Internet

ख) Computer

१८. भ्रष्टाचारको परिभाषा दिंदै भ्रष्टाचार नियन्त्रण गर्ने निगरानी निकायको रूपमा रहेको राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गर्नुहोस् । ३+७=१०

:: समाप्त ::